اليوم الآخر - نيبالي

# प्रलयको दिन



جاليات

195

شعبة توعية الجاليات بالزلفي
هاتف: ٠٦ ٤٢٣٤٤٦٦ فاكس: ٠٦ ٤٢٣٤٤٧٧ ص.ب: ١٨٢

# أحكام اليوم الآخر

أعده وترجمه للغة النيبالية

**شعبة توعية الجاليات بالزلفي**

الطبعة الأولى ١٤٣٣هـ

ح شعبة توعية الجاليّات بالزلفي ، ١٤٣٣هـ

*فهرسة مكتبة الملك فهد الوطنية أثناء النشر*

شعبة توعية الجاليات بالزلفي
أحكام اليوم الآخر / شعبة توعية الجاليات بالزلفي
١٤٣٣هـ
٢٤ ص : ١٢ × ١٧ سم
ردمك : ٣ ـ ٣٧ ـ ٨٠١٣ ـ ٦٠٣ ـ ٩٧٨
(النص باللغة النيبالية)
١ـ القيامة ـ العنوان

ديوي ٢٤٣ ١٤٣٣ / ٨٥٢٥

رقم الإيداع : ١٤٣٣ / ٨٥٢٥
ردمك : ٣ ـ ٣٧ ـ ٨٠١٣ ـ ٦٠٣ ـ ٩٧٨

الصف والإخراج : **شعبة توعية الجاليات بالزلفي**

# أحكام اليوم الآخر
# प्रलोकको बिषय

ईमानको ओसुल र त्यस्को ६वटा स्तमभहरु मध्ये एउटा प्रलोक प्रति विशवास राखनु पनि हो, प्रलोकको बारेमा अल्लाहको किताब र रसुल ﷺ को सही हदिसमा जे जे लेखेको छ त्यस प्रति विशवास नगरे सम्म कुनै पनि व्यक्ति मोमिन हुनेछैन ।

प्रलोकको ज्ञान प्राप्त गर्नु र अधिक भन्दा अधिक त्यस्लाई ध्यानमा राखनु जरुरि छ, किन भने यस प्रकार मनुष्यको आतमामा सुधार आउँछ, अल्लाहको डर पैदा हुन्छ, र ईस्लाम माथि स्थिरता प्राप्त हुन्छ, तसर्थ यदि प्रलोकको कष्ट र कठिनाई बिर्सनु भयो भने हृदयमा पाप र कठोरताले जनम लिन्छ, अल्लाह तआलाले भन्नु भयो ﴿فَكَيْفَ تَتَّقُونَ إِن كَفَرْتُمْ يَوْمًا يَجْعَلُ الْوِلْدَانَ شِيبًا﴾ المزمل: ١٧ त्यस दिनबाट कसरि बाँच्छौं, जुन् दिन्ले बच्चाहरुलाई बृद्ध बनाइ दिनेछ । अर्को ठाउँमा भन्नु भयो ﴿يَا أَيُّهَا النَّاسُ اتَّقُوا رَبَّكُمْ إِنَّ زَلْزَلَةَ السَّاعَةِ شَيْءٌ عَظِيمٌ ﴿١﴾ يَوْمَ تَرَوْنَهَا تَذْهَلُ كُلُّ مُرْضِعَةٍ عَمَّا أَرْضَعَتْ وَتَضَعُ كُلُّ ذَاتِ حَمْلٍ حَمْلَهَا وَتَرَى النَّاسَ سُكَارَىٰ وَمَا هُم بِسُكَارَىٰ وَلَٰكِنَّ عَذَابَ اللَّهِ شَدِيدٌ﴾ الحج: ١ – ٢ हे मानिसहरु ! आफनो पालनकर्ता सित डर, निश्चय नै क्यामतको भुकम्प साह्रै भयँकर कुरो हो, जुन् दिन् त्यस्लाई तिमीले देखने छौं, अवस्था यो हुन्छ

कि प्रत्येक दुध खुवाउने आमा आफनो दुध खाने बच्चाहरुलाई बिर्सि दिने छिन्, र प्रत्येक गर्भवतीको गर्भपात भइजाने छँ, र तिमीले मानिसहरुलाई नाशा लागेको अवस्थामा देखने छौं जबकि तिनीहरुलाई नाशालागेको हुने छैनन्, बरु अल्लाहको सजाय धेरै कठोर कुरो हो ।

संसारमा हरेक जीव वस्तुको अन्त मृत्यु नै हो, अल्लाह तआलाले भन्नु भयो ﴿ كُلُّ نَفْسٍ ذَآئِقَةُ ٱلْمَوْتِ ﴾ آل عمران: ١٨٥ प्रत्येक ज्यानले मृत्युको मज्जा चाखनु पर्छ । त्यस्तै अर्को ठाउँमा भन्नु भयो : ﴿ كُلُّ مَنْ عَلَيْهَا فَانٍ ﴾ الرحمن: ٢٦ प्रत्येक प्राणी जुन् यस धरतिमा छ नाशवान छ । र अल्लाहले आफनो नबी ﷺ लाई भन्नु भयो : ﴿ إِنَّكَ مَيِّتٌ وَإِنَّهُم مَّيِّتُونَ ﴾ الزمر: ٣٠ हे पैगाम्बर ! अवश्य तपाइलाई मृत्यु आउने छ र यिनीहरु पनि मरने छन् ।

तसर्थ संसारको कुनै पनि मानवले - सँधै बसने निरन्तर छैन, अल्लाह तआलाले भन्नु भयो:

﴿ وَمَا جَعَلْنَا لِبَشَرٍ مِّن قَبْلِكَ ٱلْخُلْدَ ﴾ الأنبياء: ٣٤ हामीले तपाई भन्दा पहिला पनि कसैलाई अमरता पर्दान गरेका छैनौं ।

र यहाँ केहि कुराहरु तिर संकेत दिनु उचित छ :

१ – अधिक मानिसहरु मृत्यु प्रति सावधान छैनन्, जबकि यो एउटा निशचित कुरो हो, जस्मा कुनै प्रकारको संदेह छैन, तसर्थ एउटा मुस्लिमले प्रलोकलाई ध्यानमा राखनु पर्छ, र संसारमा हुँदा हुँदै प्रलोकको लागि राम्रो कर्म गरि पुण्य अर्जना गर्नु पर्छ, र

त्यस्को तयारि गर्नु पर्छ, रसुल ﷺ ले भन्नु भयो «पाँच कुरा भन्दा पहिला पाँच कुराको लाभ उठाउने प्रयास गर, मृत्यु भन्दा पहिला जीवन्को, रोग भन्दा पहिला स्वास्थको, व्यसत्ता भन्दा पहिला फुरसदको, बृद्ध भन्दा पहिला जवानीको, र लाचार हुने भन्दा पहिला धन र सम्पत्तिको» (एमाम अहमद) । र यो कुरा नबिर्सनु कि मुर्दा कबरमा आफु सँग संसारबाट केहि लिएर जानु हुँदैन, ऊ सँग आफनो कर्म बाहेक अरु केहि हुँदैन, त्यसं कारण राम्रो कर्म जम्मा गर्ने प्रयास गर जस्ले प्रलोकमा सँधैका लागि सुःख दिन्छ र अल्लाहको आज्ञाले सजायबाट पनि मुक्ति पनि पाइन्छ।

२ – मृत्युको समय एउटा यस्तो रहस्य छ जस्को ज्ञान अल्लाह बाहेक अरु कसैलाई छैन, तसर्थ कसैलाई थाहा हुँदैन कि कहिले र कुन ठाउँमा उस्को मृत्यु हुनेछ, किन भने यो सबै कुराहरु रहस्यको ज्ञान अन्तरगत आउँछ जस्को जानकारि अल्लाह बाहेक अरु कसैलाई छैन ।

३ – मृत्युको समय आइसके पछि त्यस्लाई टालनु अथवा ढिलो गर्नु अथवा त्यस्बाट भागनु सम्भव छैन,अल्लाह तआलाले भन्नु भयो ﴿ وَلِكُلِّ أُمَّةٍ أَجَلٌ فَإِذَا جَاءَ أَجَلُهُمْ لَا يَسْتَأْخِرُونَ سَاعَةً وَلَا يَسْتَقْدِمُونَ ﴾ الأعراف:٣٤। प्रत्येक समुदायको लागि मृत्युको समय निर्धारित छ· त्यो समय आइपुगे पछि नत एक क्षिण ढिलो गर्न सकदछन् र नत चाँडो ।

४ – यदि मोमिनको मृत्यु आउँछ भने मृत्युको देवदुत सुन्दर रुप र सुगन्धित खुशबुमा दयाको देवदुतहरु सँग स्वर्गको शुभसुचना दिँदै उपस्थित हुन्छन्, अल्लाह तआलाले भन्नु भयो ﴿إِنَّ ٱلَّذِينَ قَالُواْ رَبُّنَا ٱللَّهُ ثُمَّ ٱسْتَقَـٰمُواْ تَتَنَزَّلُ عَلَيْهِمُ ٱلْمَلَـٰٓئِكَةُ أَلَّا تَخَافُواْ وَلَا تَحْزَنُواْ وَأَبْشِرُواْ بِٱلْجَنَّةِ ٱلَّتِى كُنتُمْ تُوعَدُونَ﴾ فصلت: ٣٠ वास्तवमा जुन् मानिसहरुले भन्नु भयो कि हाम्रो पालनकर्ता अल्लाह हो र त्यस माथि दृढ रहनु भयो त उनीहरुका निम्ति फरिशताहरु यो भन्दै अवतरित हुन्छन् कि तिमी निराश र शोकाकुल नहोउ र त्यस स्वर्गको शुभसुचना सुनिहाल जस्को तिमीलाई वाचा दिएको छ ।

र नासतिकको नजिक मृत्युको फरिशता भयानक रुप, र कालो रँगमा सजायको फरिशताहरु सँग सजायको चेतावनी दिँदै आउँछन् , अल्लाह तआलाले भन्नु भयो ﴿وَلَوْ تَرَىٰٓ إِذِ ٱلظَّـٰلِمُونَ فِى غَمَرَٰتِ ٱلْمَوْتِ وَٱلْمَلَـٰٓئِكَةُ بَاسِطُوٓاْ أَيْدِيهِمْ أَخْرِجُوٓاْ أَنفُسَكُمُ ٱلْيَوْمَ تُجْزَوْنَ عَذَابَ ٱلْهُونِ بِمَا كُنتُمْ تَقُولُونَ عَلَى ٱللَّهِ غَيْرَ ٱلْحَقِّ وَكُنتُمْ عَنْ ءَايَـٰتِهِۦ تَسْتَكْبِرُونَ﴾ الأنعام: ٩٣ यदि तपाईले ती अन्यायीहरुलाई त्यतिखेर देखनु भयो जब यी अन्यायीहरु मृत्युको कष्ट पुर्ण अवस्थामा हुन्छन् र फरिशताहरु आफना हात बढाइ राखेका हुन्छन् र यो भन्दै हुन्छन् कि आज आफनो प्राण समर्पित गर, आज तिमीहरुलाई अपमानजनक सजाय दिइनेछ, किन भने तिमीहरुले अल्लाहको बिरोधमा झुठा

कुरा गर्ने गर्दथ्यौं र त्यस्का आयतहरुलाई तिरसकारपुर्ण तरिकाले अस्वीकार गर्ने गर्दथ्यौं ।

तसर्थ मृत्यु आइपुगे पछि वासतविक्ता आफै प्रकट भइहाल्छ र हरेक मानिसको भेद खुली हाल्छ, अल्लाह तआलाले भन्नु भयो ﴿ حَتَّىٰٓ إِذَا جَآءَ أَحَدَهُمُ ٱلْمَوْتُ قَالَ رَبِّ ٱرْجِعُونِ ﴿٩٩﴾ لَعَلِّىٓ أَعْمَلُ صَٰلِحًا فِيمَا تَرَكْتُ كَلَّآ إِنَّهَا كَلِمَةٌ هُوَ قَآئِلُهَا وَمِن وَرَآئِهِم بَرْزَخٌ إِلَىٰ يَوْمِ يُبْعَثُونَ ﴾ المؤمنون: ٩٩ - ١٠٠

जब उनीहरु मध्ये कसैको मृत्यु नजिक हुन्छ त भन्नेछन् कि हे मेरो पालनकर्ता मलाई फर्काइ देउ, ताकि जुन् संसारलाई म छोडेर आएको छु त्यस्मा गएर म राम्रो कर्म गरुँ, कदापी यस्तो हुने छैन, यो त मात्र एउटा कुरा हो जुन् उस्ले भन्नेछ तर त्यो पुरा हुने छैन, र उनीहरुको पछाडि एक प्रकारको प्रर्दा छ त्यो दिन सम्मका लागि जब उनीहरुलाई पुनः उठाइनेछ ।

मृत्युको समय आइसके पछि नासतिक र पापीहरु राम्रो कर्म गर्नका लागि पुनः जीवनमा फर्किने आशा व्यक्त गर्ने छ तर समय बिते पछि पछतावाको कुनै महत्व हुँदैन, अल्लाह तआलाले भन्नु भयो ﴿ وَتَرَى ٱلظَّٰلِمِينَ لَمَّا رَأَوُا۟ ٱلْعَذَابَ يَقُولُونَ هَلْ إِلَىٰ مَرَدٍّ مِّن سَبِيلٍ ﴾ الشورى: ٤٤ तिमीले अत्याचारिहरुलाई देखने छौं कि जब उनीहरुले यातना देखने छन् त भन्ने छन् कि «के फिर्ता जाने कुनै मार्ग छैन» ।

५ – आफनो सेवकहरु प्रति अल्लाहको कृपा छ कि मृत्यु भन्दा पहिला जस्को अन्तिम भनाइ «लाइलाह इल्लल्लाह» हुन्छ त्यो

स्वर्गमा जानेछ, रसुलﷺ ले भन्नु भयो «संसारमा जस्को अन्तिम बोली लाइलाह इल्लल्लाह हुन्छ त्यो स्वर्गमा जान्छ» (अबुदाऊद) । किन भने यस्तो कठिन प्रस्थितीमा त्यो कुरा मात्र ऊही भन्न सक्नु हुन्छ जुन् उस्को बारेमा शुद्ध छ तर जुन् शुद्ध छैन भने त्यो मृत्युको कष्ट र कठिनाइको कारण त्यस्लाई बिर्सिहाल्ने छ, यसै कारण अन्तिम अवस्थामा मृतकलाई लाइलाह इल्लल्लाह पढाउने प्रयास गर्नु सुन्नत छ, रसुलﷺ ले भन्नु भयो «आफनो मृतकहरुलाई लाइलाह इल्लल्लाह पढाउने प्रयास गर»(मुस्लिम ९१६) तर त्यस्का लागि मृतक माथि जोर दिनु पर्दैन किन भने त्यो रिसाएर कुनै नराम्रो कुरा पनि भन्न सक्नेछ ।

## कबर।

हजरत अनस رضي الله عنه को हदिसमा छ कि रसुल ﷺ ले भन्नु भयो «जब मुर्दालाई बकरमा राखेर साथीहरु वापस हुन्छ त मुर्दा उनीहरुको जुताको आवाज सुन्छन्» र यो पनि भन्नु भयो कि «दुइवटा फरिशता अर्थात देवदुतहरु आउँछन् र मृतकलाई बसाएर सोधनु हुन्छ कि यस व्यक्तिको बारेमा तपाईले के भन्नुहुन्थ्यो?» रसुल ﷺ ले भन्नु भयो कि «मोमिनले भन्नेछन् कि म गवाही दिन्छु कि वहाँ अल्लाहको सेवक र दुत हुनु हुन्छ» रसुल ﷺ ले भन्नु भयो «त देवदुतले उस्लाई भन्नेछन् कि नर्कमा आफनो ठाउँ हेर, अल्लाहले त्यस्को बदला स्वर्गमा तिमीलाई ठाउँ प्रदान गरेको छ» अल्लाहको नबी ﷺ ले भन्नु

भयो «त्यो व्यक्ति आफनो दुवै ठाउँ देखिन्छ» «र काफिर अथवा मोनाफिकले भनिन्छ कि मलाई थाहै छैन, मानिसहरु जस्तै म पनि भन्थए, त फरिशताले उस्लाई भन्नेछन् कि तिमीले नत ज्ञान प्राप्त गरेको नत अनुसरण गरेको, र त्यस पछि फलामको हथोडा द्वारा त्यस्को दुवै कानको बीचमा यस्तो कुटाइ हुन्छ कि उस्को चिंख नजिकको मनुष्य र जिन्न छाडि हरेक वसतुले सुन्नेछन्» (अलबोखारि, मुस्लिम –१३३८, २८७०)

कबरमा पुगे पछि पुनः प्राण शरिरमा प्रवेश गर्छ भन्ने कुरा प्रलोकको विषय हो जुन् संसारमा मनुष्यको बुद्धि भन्दा बाहरको कुरो हो, तर सबै मुस्लिमले मान्नु हुन्छ कि मनुष्यले कबरमा सुखः पाउँछ यदि मोमिन छ र सुखःको हकदार छ भने, र यदि सजायको हकदार छ र अल्लाहले त्यस्को सजाय माफ गरेको छैन भने सजाय पाउँछ, अल्लाह तआलाले भन्नु भयो ﴿ النَّارُ يُعْرَضُونَ عَلَيْهَا غُدُوًّا وَعَشِيًّا وَيَوْمَ تَقُومُ السَّاعَةُ أَدْخِلُوا آلَ فِرْعَوْنَ أَشَدَّ الْعَذَابِ ﴾ غافر: ٤٦ नर्कको अगाडि उनीहरु साँझ बिहान प्रस्तुत गराउँदै छन्, र जुन् दिन कयामतको समय आउने छ त्यतिखेर भनिनेछ कि फिरऔनको मानिसहरुलाई निस्कृष्टतम यातनामा प्रवेश गराउ। र रसुल ﷺ ले भन्नु भयो «कबरको यातनाबाट अल्लाहको शरण माँग» (मुस्लिम – २८६७)

साथै एउटा बुद्धि जीवी व्यक्तिले यस कुरालाई असम्भव पनि भन्न सकनु हुँदैन, किन भने लग भग यस्तै कुरा मानिसहरुले

आफनो जीवनमा पनि हेरिरहेको छ, जस्तो कि कुनै व्यक्ति चाहिं सपनामा कहिले धेरै दुख र पिडा महसुस गरिन्छ, चिच्चयाउँछ र मद्दतको गुहार लगाउँछ तर त्यस्को नजिकै अर्को व्यक्तिले केहि महसुस गर्दैनन्, जबकि मृत्यु र जीवनमा ठुलो अन्तर हो, कबरमा चाहिं आत्मा र शरिर दुवैलाई सजाय हुन्छ, रसुल ﷺ ले भन्नु भयो «प्रलोकको प्रथम ठेकाना कबर हो, यदि यहाँ मुक्ति पाइयो भने त्यस पछि सबै सजिलो हुन्छ, र यदि यहाँ मुक्ति पाइएन भने त्यस पछि धेरै कठिनाइ हुन्छ» (तिर्मिजी – २२३०) त्यस कारण एउटा मुस्लिमले अधिक भन्दा अधिक कबरको सजायबाट अल्लाहको शरण माँगनु पर्छ, खास गरि नमाजमा सलाम फेरने भन्दा पहिला, र पापबाट बाँचने प्रयास गर्नु पर्छ, किन भने त्यहि पाप कबरमा पनि र नर्कमा पनि सजायको प्रथम कारण हुन्छ, यहाँ यस्को नाम कबरको सजाय यस कारण दिएको छ कि अधिक व्यक्तिहरु आफनो मृतकलाई कबरमा गाडनु हुन्छ तर यदि कसैले डुबेर अथवा आगोले जलेर मरेको छ अथवा कसैलाई जनावरले खाइदिएको छ भने त्यस्तो किसमको व्यक्तिहरु पनि बरजखमा अर्थात कयामत हुने सम्मको अवधिमा सजाय अथवा खुशी अवश्य प्राप्त गर्ने छ।

कबरको यातना बिभिन्न प्रकारका हुन्छन् जस्तोकि फलामको हथोडा अथवा अरु कुनै वस्तुले कुटपिट गर्ने, त्यस्तै कबरमा अन्ध्यारो हुने, आगोको ओछ्यान लगाउने, नर्कको ढोका खोलिने, र मनुष्यको पाप र दुष्टकर्महरुले फोहर र घृनातमक व्यक्तिको

रुप धारण गरि कबरमा त्यो सँग बसने, र मान्छे यदि काफिर अथवा मोनाफिक छ भने सजाय जारि रहन्छ, र यदि पाप गरेको मोमिन छ भने पाप अनुसार सजायमा घटथप हुने समेत सजायको अन्त पनि हुन सकछ ।

मोमिनलाई कबरमा खुशी प्राप्त हुन्छ, उस्को कबर चौला हुन्छ , कबरमा उज्यालो हुन्छ, उस्को लागि स्वर्गको ढोका खोलिन्छ र यस प्रकार स्वर्गको सुगन्ध र हावा प्राप्त हुन्छ, त्यस्तै ओछयान पनि स्वर्गको हुन्छ, र उस्को पुण्य र राम्रो कर्महरुले सुन्दर व्यक्तिको रुप धारण गरिनेछ जुन् सँग उस्ले आफनो समय राम्री बिताउनु हुन्छ ।

## कयामत र कयामतको चिन्ह ।

१ – अल्लाहले यो संसार संधैका लागि बनाएको छैनन्, बरु एक दिन संसारको अन्त हुनेछ, र त्यहि दिन कयामत कायम हुन्छ, यो एउटा वासतविक कुरो हो जस्मा कुनै सन्देह छैन, अल्लाह तआलाले भन्नु भयो ﴿إِنَّ ٱلسَّاعَةَ لَآتِيَةٌ لَّا رَيْبَ فِيهَا وَلَٰكِنَّ أَكْثَرَ ٱلنَّاسِ لَا يُؤْمِنُونَ﴾ غافر: ٥٩ कयामत त आउनेवाला नै छ, यस्मा कुनै शंका छैन, तर अधिक मानिसहरु ईमान ल्याएका छैनन्, र अर्को ठाउँमा भन्नु भयो ﴿وَقَالَ ٱلَّذِينَ كَفَرُوا۟ لَا تَأْتِينَا ٱلسَّاعَةُ قُلْ بَلَىٰ وَرَبِّى لَتَأْتِيَنَّكُمْ﴾ سبا: ٣ काफिरहरुले भन्दछन् कि कयामतको समय हामीहरु माथि आउँदैन, तपाईले भनिदेऊ कि मलाई मेरो पालनकर्ताको कसम कयामत (महाप्रलय) तिमीहरु माथि अवश्य आउने छ ।

र कयामत नजिकै छ, अल्लाह तआलाले भन्नु भयो: ﴿ٱقۡتَرَبَتِ ٱلسَّاعَةُ﴾ القمر:١ कयामत नजिक भइसकेको छ । र अर्को आयतमा भन्नु भयो: ﴿ٱقۡتَرَبَ لِلنَّاسِ حِسَابُهُمۡ وَهُمۡ فِي غَفۡلَةٖ مُّعۡرِضُونَ﴾ الأنبياء: ١ मानिसहरुका लेखाजोखाको समय नजिक आइपुगेको छ तैपनि उनीहरु नटेरिकन मुख फर्काइरहेका छन् ।

तर कयामत नजिक आइपुगने समय मनुष्यको मानदण्ड र कसौटी अनुसार होइन, बरु अल्लाहको ज्ञान, जग र संसारको उमर अनुसार हुन्छ ।

कयामतको ज्ञान गैब अर्थात आन्तरिक ज्ञान मध्ये एउटा ज्ञान हो, जुन् अल्लाह बाहेक अरु कसैलाई थाहा छैन, वहाँ बाहेक अरु कसैलाई यस कुराको ज्ञान छैन, अल्लाह तआलाले भन्नु भयो : ﴿يَسۡـَٔلُكَ ٱلنَّاسُ عَنِ ٱلسَّاعَةِۖ قُلۡ إِنَّمَا عِلۡمُهَا عِندَ ٱللَّهِۚ وَمَا يُدۡرِيكَ لَعَلَّ ٱلسَّاعَةَ تَكُونُ قَرِيبًا﴾ الأحزاب: ٦٣ मानिसहरुले तपाई सँग कयामतको बारे सोधिरहेका छन्, भनिदिनुस कि त्यस्को ज्ञान त मात्र अल्लाहलाई छ, र तपाइलाई के थाहा? शायद कयामत नजिकै आइपुगेको छ ।

रसुल ﷺ ले कयामतको केहि चिन्हहर बयान गर्नु भएकोछ जस्ले कयामतको नजिक हुने संकेत गराउँछ, र त्यस मध्ये एउटा चिन्ह यो हो कि दज्जाल प्रकट हुन्छ, मानिसहरुका लागि त्यो सबभन्दा ठुलो संकट हुन्छ, अल्लाहले उस्लाई चमतकार देखाउने शक्ति दिएको हुन्छ, र यस कारण धेरै मानिसहरु धोका

खाइहाल्नु हुन्छ, आकाशलाई आदेश दिन्छ भने बर्खा हुन थाल्छ, घाँसलाई हुकुम दिन्छ भने घाँस आफै उगन थाल्छ, मुर्दालाई जिउँदो गर्छ, र यस प्रकार अरु धेरै चमतकारहरु देखाउँछ । रसुल ﷺ ले भन्नु भयो कि ऊ काना हुन्छ अर्थात उस्को मात्र एउटै आँखा हुन्छ, स्वर्ग र नर्क जस्तो ठाउँ लिएर आउँछ, र जस्लाई स्वर्ग भनिन्छ वास्तवमा त्यो नर्क हुन्छ, र जस्लाई नर्क भनिन्छ वास्तवमा त्यो स्वर्ग हुन्छ, धरतिमा ४०' दिन सम्म बसनेछ, एक दिन एकसाल जस्तो हुन्छ, र अर्को एक दिन एक महिना जस्तो, र अर्को एक दिन एक सपताह जस्तो, र त्यस पछि बाँकि हरेक दिन साधारण दिन जस्तै हुन्छ, र मक्का मदिना बाहेक धर्तिको हरेक ठाउँमा त्यो पुगनेछ ।

कयामतको चिन्हहरु मध्ये यो पनि छ कि हजरत ईसा बिन मरयम عليه السلام फजरको नमाजमा पुरबी दिमशकको सेतो मीनार माथि अवतरित हुनेछन्, र सबै मानिसहरु सँग फजरको नमाज पढिनेछन्, र त्यस पछि दज्जाललाई चौतारीमा ल्याएर त्यसको हत्या गर्ने छन्।

त्यस्तै कयामतको चिन्हहरु मध्ये यो पनि छ कि सुर्य पश्चिमबाट उदय हुनेछ, र मानिसहरु जब यस्तो देख्नेछन् त डराएर सबै ईमान ल्याउन थाल्छ तर त्यतिखेर उनीहरुको ईमानको कुनै पनि महत्व हुने छैन, र यस बाहेक कयामतको अरु पनि धेरै चिन्ह र निशानीहरु छन् ।

२ – कयामत मात्र पापी र नराम्रो व्यक्तिहरु माथि कायम हुन्छ, कयामत कायम हुने भन्दा पहिला अल्लाह तआलाले यस्तो हावा पठाउनेछन् जस्ले गर्दा सबै मोमिनहरुको मृत्यु भइहाल्छ, र त्यस पछि जब अल्लाह आफनो सबै सृष्टिलाई नष्ट गरि संसारको अन्त चाहनु हुनेछ भने फरिशतालाई सुर (एउटा ठुलो संख जस्तो) फुँकने आदेश दिनेछन् र मानिसहरु त्यो सुरको आवाज सुनेपछी बेहोश भइहाल्नेछन्, अल्लाह तआलाले भन्नु भयो :

﴿ وَنُفِخَ فِي الصُّورِ فَصَعِقَ مَن فِي السَّمَاوَاتِ وَمَن فِي الْأَرْضِ إِلَّا مَن شَاءَ اللَّهُ ﴾ الزمر: १८ जब सुर फुकिनेछ तब जो आकाशमा छन् र जो धरतिमा छन् सबै मुर्छित भइ ढल्ने छन्, तर मात्र जस्लाई अल्लाहले चाहन्छ।

र यस्तो शुकवारको दिन हुन्छ, त्यस पछि सबै फरिशताहरुको पनि मृत्यु भइहाल्छ, र अल्लाह बाहेक कोहि पनि जीवीत रहने छैन ।

३ – मनुष्यको सम्पुर्ण शरिर धर्तिमा मिश्रित भएर समाप्त भइहाल्छ मात्र कम्मरको तलको एउटा हाड बाँचनेछ, तर नबी र शहीदहरुको शरिरलाई धरतिले खाँदैन, फेरि अल्लाह आकाशबाट पानी बर्साउनेछन् र सबै शरिरहरु आफनो आफनो रुपमा परिवरतित भइहाल्छ, र त्यस पछि जब अल्लाहले मानिसहरुलाई जिउँदो गर्न चाहन्छन् भने सुरका लागि नियुक्त फरिशता हजरत ईसराफिल عليه السلام लाई जिउँदो गरिन्छ, त वहाँले दोश्रो चोटि सुर फुक्नेछन् र सबै मानिसहरु जिउँदो भइहाल्छ र कबरबाट यस्तो

निस्कन्छ जस्तो कि अल्लाहले उनीहरुलाई प्रथम चोटि जन्म दिएको होस, नाँगो, बिना जुत्ता मोजा, र लिङ्गको अग्रभागको त्वचा न काटिएको,अल्लाह तआलाले भन्नु भयो ﴿ وَنُفِخَ فِى ٱلصُّورِ فَإِذَا هُم مِّنَ ٱلْأَجْدَاثِ إِلَىٰ رَبِّهِمْ يَنسِلُونَ ﴾ يس: ٥١ सुर फुकिने बित्तिकै यिनीहरु सबै आफना चिहानहरुबाट निस्केर आफनो प्रभु तिर दर्गुनेछन् । अर्को ठाउँमा अल्लाह तआलाले भन्नु भयो:

﴿ يَوْمَ يَخْرُجُونَ مِنَ ٱلْأَجْدَاثِ سِرَاعًا كَأَنَّهُمْ إِلَىٰ نُصُبٍ يُوفِضُونَ ﴿٤٣﴾ خَٰشِعَةً أَبْصَٰرُهُمْ تَرْهَقُهُمْ ذِلَّةٌ ذَٰلِكَ ٱلْيَوْمُ ٱلَّذِى كَانُوا۟ يُوعَدُونَ ﴾ المعارج: ٤٣ – ٤٤ जुन् दिन् उनीहरु चिहानबाट तिब्रताको साथ दौडदै निसकने छन् मानौं कि कुनै ठाउँतिर दौडदै गइरहेका छन्, उनीहरुका आँखा लाजले झुकि रहनेछन्, र अपमान उनीहरु माथि घेरि राखने छन्, यो नै त्यो दिन हो जस्को उनीहरु सँग वाचा गरिदै थियो ।

र सबभन्दा पहिला हाम्रो नबी मोहम्मद ﷺ को कबर च्यातने छ, जस्तोकि वहाँले आफै भन्नु भयो, र त्यस पछि मानिसहरु महशर अर्थात एकत्रित हुने ठाउँतिर डोरयाउने छन्, र त्यो धेरै ठुलो ठाउँ हुन्छ, नासतिकहरु घोप्टेको अवस्थामा एकत्रित हुन्छ, रसुल ﷺ लाई प्रशण भयो कि नासतिकलाई घोप्टेको अवस्थामा कसरि उठाइन्छ त वहाँले भन्नु भयो «संसारमा जस्ले खुट्टा माथि, हिंडाएको छ कयामतमा त्यहि घोप्टेको अवस्थामा हिंडाउने क्षमता राखनु हुन्छ» (मुस्लिम – २८०६)

र यस्तो व्यक्तिहरु जस्ले अल्लाह तआलाको स्मरण गर्नु हुँदैन भने त्यस्लाई अन्धो बनाएर उठाइन्छ, सुर्य चाहिं मानिरहरुको धेरै नजिक हुन्छ, र सबै आफनो आफनो कर्म अनुसार पसीनामा डुबिएको हुनेछ, कोहि आफनो घुँडा सम्म, कोहि आफनो कम्मर सम्म, त कोहि मुख सम्म पसीनामा डुबिएको हुनेछ, त्यहाँ यस्तो व्यक्तिहरु पनि हुनेछ जस्लाई अल्लाहले आफनो छाँयामा जग्गा प्रदान गर्नेछन्, त्यो दिन अल्लाहको छाँया बाहेक अरु कुनै छाँया हुँदैन, रसुल ﷺ ले भन्नु भयो «सात किसमको व्यक्तिहरुलाई अल्लाहले आफनो छायामा जग्गा दिन्छ जुन दिन अल्लाहको छाया बाहेक अरु कुनै छाया हुँदैन, न्याय गर्नेवाला हाकिम, अल्लाहको एबादत अर्थात पुजामा जीवन बिताएको युवक, र यस्तो व्यक्ति जस्को मन् संधै मस्जिदमा टाँसिएको हुन्छ, र यस्तो दुइ जना जस्ले अल्लाहका लागि एक अर्का सँग माया गरेको, उसैका लागि एकत्रित भएको र उसैका लागि बिभाजित भएको, र यस्तो व्यक्ति जस्लाई सुन्दर र उच्च पदकि महिलाले पापका लागि बोलाउने भई तर उस्ले भन्नु भयो कि म अल्लाह सित डराउँ छु, र यस्तो व्यक्ति जस्ले लुकाएर दान गर्नु भयो र उस्को बायाँ हातलाई पनि थाहा भएन कि दायाँ हातले के दान गरेको, र यस्तो व्यक्ति जस्ले एकलोमा अल्लाहलाई याद गर्नु भयो र उस्को दुवै आँखाबाट आँसु आउन थाल्यो» (मुत्तफकुनअलैह– १४२३, १०३१) र यो पुरुषहरुको साथ मात्रै खास होइन, बरु महिलाहरुको कर्मको पनि लेखा जोखा हुन्छ,

यदि राम्रो हुन्छ भने ठिक छ तर यदि नराम्रो हुन्छ भने प्रीनाम ठिक हुँदैन, महिलाहरुले पनि त्यस्तै बदला र प्रतिफल पाउनेछिन् जस्तोकि पुरुषहरुले पाउनेछन् ।

कयामतको दिन मानिसहरुलाई अति तिर्खा लागेको हुनेछ, एक दिन पचास हजार ५0000 सालको बराबर हुनेछ, तर मोमिनहरुको लागि छिटै बितिहाल्छ, मात्र एउटा अनिवार्य नमाज पढने जति समय महसुस हुनेछ, मुस्लिमहरु नबी ﷺ को हौजको नजिक आएर त्यस्बाट पानी पिउँछ(हौज एउटा ठुलो सम्मान हो जुन् अल्लाहले हाम्रो नबी मोहम्मद ﷺ का लागि खास गरेको छ कयामतमा वहाँको अनुयायीहरु त्यसबाट पानी पिउँछ जस्को पानी दुध भन्दा अधिक सेतो, मधु भन्दा अधिक मिठो, र कसतुरि भन्दा अधिक सुगन्धित हुन्छ, आकाशमा भएको ताराहरुको संख्यामा प्याला हुनेछ, त्यस्बाट एक चोटि पानी पिए पछि फेरि कहिल्यैं तिर्खा लागदैन), महशरको मैदानमा मानिसहरुले लेखा जोखाको प्रतिक्षामा लामो समय सम्म पर्खिन्छन्, धेरै कडा घाम र कष्ट समेत जब प्रतिक्षा लामो हुँदैजान्छन् भने उनीहरुले कुनै यस्तो व्यक्तिलाई खोजन थाल्छ जुन् हिसाब किताबको बिषयमा अल्लाहको नजिक सिफारिस गरोस, र त्यस्का लागि आदम عليه السلام को सेवामा उपस्थित हुनेछ तर वहाँले खेद प्रकट गर्नु हुन्छ, त्यस पछि नुह عليه السلام को सेवामा उपस्थित हुनेछ र वहाँले पनि खेद प्रकट गर्छ, त्यस पछि इब्राहीम عليه السلام को सेवामा उपस्थित हुनेछ तर वहाँले पनि खेद प्रकट गर्नु हुन्छ, त्यस पछि मुसा عليه السلام

को सेवामा उपस्थित हुन्छ र वहाँले पनि खेद प्रकट गर्नु हुन्छ, त्यस पछि ईसा ﷺ को सेवामा उपस्थित हुनेछ र वहाँले पनि खेद प्रकट गनु हुनेछ, र त्यस पछि अन्ता मोहम्मद ﷺ को सेवामा उपस्थित हुनेछ तर वहाँले भन्नेछन् कि «म यो कार्य गर्छु» र त्यस पछि अर्श अर्थात अल्लाहको सिंहासन तल सजदामा पर्नु हुनेछ र त्यो समय अल्लाहले जस्तो सिखाउँछ त्यस्तो अल्लाहको प्रशंसा गरिनेछ, त्यस पछि अल्लाहले भन्नु हुनेछ कि «हे मोहम्मद! आफनो टाउको उठाउ, र माँग तिम्रो माँग पुरा हुनेछ, र सिफारिस गर तिम्रो सिफारिस स्वीकार हुनेछ» त्यस पछि अल्लाह तआलाले हिसाब किताबको अनुमति प्रदान गर्नेछन्, र सबभन्दा पहिला मोहम्मद ﷺ को अनुयायीहरुको हिसाब किताब हुनेछ ।

कर्महरु मध्ये सबभन्दा पहिला नमाजको हिसाब किताब हुनेछ, यदि त्यो ठिक र स्वीकारित भयो भने त्यस पछि अर्को कर्महरु देखिनेछ र यदि त्यो स्वीकारित भएन भने अरु कुनै कर्म स्वीकार हुने छैन, मानिसहरु सित पाँच कुराको प्रशण हुनेछ, उमेरको बारेमा कि कुन काममा बिताएको, जवानीको बारेमा कि कसरि काटेको, धनको बारेमा कि कहाँबाट कमाएको र कहाँ खर्च गरेको, र ज्ञानको बारेमा कि कस्तो उपयोग गरेको, त्यस्तै मानिसहरु बीच सबभन्दा पहिला हत्याको फैसला हुनेछ, त्यो दिन हत्याको डण्ड पुण्य र पापले हुनेछ, तसर्थ मान्छेको पुण्य

चाहिं उस्को बिपक्षलाई दिइनेछ र पुण्य समाप्त भए पछि बिपक्षको पाप उस माथि थोपी दिनेछ ।

पुल सेरातको स्थापना हुनेछ (त्यो केश भन्दा अधिक पातलो र तर्वार भन्दा अधिक तेज पुल हुनेछ जुन् नर्क माथि स्थापित हुनेछ) मानिसहरु आफनो कर्म अनुसार त्यस्लाई पार गर्ने छन्, कोहि आँखा झपकने जति समयमा पार भइहाल्छ त कोहि हावा जस्तो, कोहि स्वस्थ घोडा जस्तो, र कोहि बिस्तारै जानेछ, र पुलमा यस्तो खुँटीहरु हुन्छन् जुन् नासतिकहरुलाई तानेर नर्कमा फालने गर्छ, नासतिक र पाप गरेको मुस्लिमहरु मध्ये जस्लाई अल्लाह चाहन्छ त्यो आगोमा झडिहाल्छ, नासतिकहरु संधैका लागि नर्कमा हुन्छन् तर पाप गरेको मोमिनहरु आफनो सजाय काटेर स्वर्गमा प्रवेश गर्ने छन् ।

नबी, रसुल, र सत्कर्मीहरुलाई अल्लाहले नर्कमा गएको कोहि मोमिनहरुका लागि सिफरिस गर्ने आज्ञा प्रदान गर्छ, र त्यस पछि उनीहरुलाई नर्कबाट निकालछ, र स्वर्गबासीहरु मध्ये जस्ले पुल पार गरिसकेको हुन्छ त्यो स्वर्ग र नर्कको बीच एउटा अरु पुल माथि पर्खनु हुन्छ र त्यहाँ एक अर्का सँग बदला लिनेछ तसर्थ कसै माथि गरेको कुनै प्रकारको अत्याचारको बदला चुकाए पछि र आफनो मन् र आत्मा सफा गरे पछि मात्र स्वर्गमा जानु मिलछ, त्यस पछि स्वर्गवबसीहरु स्वर्गमा र नर्कवासीहरु नर्कमा गइहाल्छ र मृत्युलाई एउटा बाखाको रुपमा ल्याएर स्वर्ग र नर्कको बीचको ठाउँमा कट्ने छ र भनिनेछ : हे स्वर्गवासीहरु! अब यहाँ संधैका लागि बसनु पर्छ, यहाँ मृत्यु आउने छैन, हे

नर्कवासीहरु! अब यहाँ संधैका लागि बसनु पर्छ , यहाँ मृत्यु आउने छैन, यस्तो अवस्था हुन्छ कि यदि कोहि खुशीले मर्नु हुन्छ भने त्यो स्वगवासीहरु छन् जुन् खुशीले मरिहाल्छन् र यदि कोहि दुख:ले मर्नु हुन्छ भने त्यो नर्कवासीहरु छन् जुन् दुख:ले मरिहाल्छन् ।

## नर्क र नर्कको यातना ।

अल्लाह तआलाले भन्नु भयो ﴿ فَإِن لَّمْ تَفْعَلُوا۟ وَلَن تَفْعَلُوا۟ فَٱتَّقُوا۟ ٱلنَّارَ ٱلَّتِى وَقُودُهَا ٱلنَّاسُ وَٱلْحِجَارَةُ ۖ أُعِدَّتْ لِلْكَـٰفِرِينَ ﴾ البقرة: ٢٤ त्यस आगो सँग डरने गर जस्को इन्धन मानिस र ढुँगा हुन्, जुन् कफिरहरुका लागि तयार गरिएको छ । रसुल ﷺ ले आफनो साथीहरुलाई भन्नु भयो «तिमीहरुको यो आगो जस्ले आदमको सन्तानले जलाई रहेछ त्यो नर्कको आगोमा भएको गर्मीको सत्तर ७० भाग मध्ये मात्र एक भाग हो» साथीहरुले भन्नु भयो, हे अल्लाहको रसुल ! हुन त यही आगो प्रयाप्त थियो, त वहाँले भन्नु भयो «त्यो ६९ भाग अधिक तातो छ, र सबै भागको गर्मी एक जस्तै छ» ( अलबोखारी तथा मुस्लिम – ३२६५, २८४३) ।

नर्कमा सात दर्जा छन्, हरेक दर्जामा अर्को भन्दा अधिक सजाय हुन्छ, आफनो कर्म अनुसार हरेक दर्जामा खास व्यक्तिहरु जानेछन्, मोनाफिकहरु नर्कको सबभन्दा तलको दर्जामा जानेछन् जहाँ सबभन्दा अधिक सजाय हुन्छ, नर्कमा गएको व्यक्तिहरु मध्ये नासतिकलाई संधै यातना हुनेछ, जहिले पनि उनीहरुको छाला

जली हाल्छ भने फेरि अर्को छाला लगाइन्छ, अल्लाह तआलाले भन्नु भयो ﴿كُلَّمَا نَضِجَتْ جُلُودُهُم بَدَّلْنَاهُمْ جُلُودًا غَيْرَهَا لِيَذُوقُوا الْعَذَابَ﴾ النساء: ٥٦ जब जब तिनका छालाहरु पोलिसकने छन् हामीले अर्को छाला फेरने छौं, ताकि उनीहरु सजायको स्वाद चाखिराखुन् । र अर्को आयतमा भन्नु भयो ﴿وَالَّذِينَ كَفَرُوا لَهُمْ نَارُ جَهَنَّمَ لَا يُقْضَىٰ عَلَيْهِمْ فَيَمُوتُوا وَلَا يُخَفَّفُ عَنْهُم مِّنْ عَذَابِهَا ۚ كَذَٰلِكَ نَجْزِي كُلَّ كَفُورٍ﴾ فاطر: ٣٦ जुन् मानिसहरुले कुफ्र गरे, उनीहरुका लागि नर्कको आगो छ, नत उनीहरुलाई मृत्यु आउने छ कि मरिहालुन्, र न उनको सजाय नै उनीहरुबाट हलका गरिनेछ, हामीले हरेक काफिरलाई यस्तै सजाय दिने गर्दछौं ।

उनीहरु हतकडिमा ज़कडिएको हुन्छन् र घाँटीमा जनजीर लगाइएको हुन्छ, अल्लाह तआलाले भन्नु भयो ﴿وَتَرَى الْمُجْرِمِينَ يَوْمَئِذٍ مُّقَرَّنِينَ فِي الْأَصْفَادِ ﴿٤٩﴾ سَرَابِيلُهُم مِّن قَطِرَانٍ وَتَغْشَىٰ وُجُوهَهُمُ النَّارُ﴾ إبراهيم: ٤٩ – ٥٠ तपाइ त्यस दिन पापीहरुलाई देखनु हुनेछ कि जन्जीरमा कोचिएर एकै ठाउँमा जकडिएको हुने छन्, उनका वस्त्रहरु गन्धकका हुनेछन्, र आगोले उनीहरको अनुहारलाई पनि छोपेको हुनेछ।

नर्कमा जक्कुम अर्थात सिउँडीको भोजन पाइन्छ, अल्लाह तआलाले भन्नु भयो ﴿إِنَّ شَجَرَتَ الزَّقُّومِ ﴿٤٣﴾ طَعَامُ الْأَثِيمِ ﴿٤٤﴾ كَالْمُهْلِ

निसन्देह يَغْلِي فِي الْبُطُونِ ﴿٤٥﴾ كَغَلْيِ الْحَمِيمِ ﴾ الدخان: ٤٣ - ٤٦ जक्कुमको (सिउँडी) वृक्ष गुनेहगारहरुको भोजन हुने छ, पग्लेका तमा जस्तो हुन्छ जो पेटहरुमा त्यस्तै उमलनेछ जस्तो कि पानी उम्लिन्छ ।.

नर्कको कठिन सजाय र स्वर्गको महान उपहार यस हदिसद्वारा स्पष्ट हुन्छ जुन् सही मुस्लिममा छ , नबी ﷺ ले भन्नु भयो «कयामतमा एउटा यस्तो नर्कमा जाने व्यक्तिलाई ल्याइन्छ जुन् संसारमा सबभन्दा अधिक हैसियतवाला र खुशहाल थियो, र मात्र एक चोटि आगोमा डुबाएर निकालिन्छ र भनिन्छ हे आदमको सन्तान ! के तिमीले कहिले खुशी पाएको? कहिले तिमीले आराम पाएको? त ऊ भन्नेछ होइन, तेरो कसम, हे मेरो पालनकर्ता, र त्यस्तै एउटा यस्तो स्वर्गमा जाने व्यक्तिलाई ल्याइन्छ जुन् संसारमा सबभन्दा अधिक गरिब थियो, र मात्र एक चोटि स्वर्गमा हालेर निकालिन्छ र भनिन्छ हे आदमको सन्तान ! के तिमीले कहिले गरिबी हेरेको? के तिमीले कहिले दुखः पाएको? त ऊ भन्नेछ होइन, तेरो कसम, हे मेरो पालनकर्ता, म कहिले गरिबी हेरेको होइन, म कहिले दुःख पाएको होइन» (मुस्लिम – २८०७) तसर्थ नासतिकहरु मात्र एक पटक आगोमा गएर संसारमा पाएको हरेक खुशीलाई बिर्सी हाल्छ , र मोमिनहरु मात्र एक पटक स्वर्गमा गएर संसारमा भोगेको सबै प्रकारको कष्ट र कठिनाइलाई बिर्सी हाल्छ ।

# स्वर्ग।

स्वर्ग संधैको लागि सम्मानको घर हो, जुन् अल्लाहले आफनो सेवकहरुका लागि तयार गरेको छ , त्यहाँ यस्तो प्रकारको उपहार हुन्छ जुन् कुनै आँखाले हेरेको होइन, र कुनै कानले सुनेको होइन, र कसैले त्यस्को कलपना पनि गरेको होइन, अल्लाह तआलाले भन्नु भयो ﴿ فَلَا تَعْلَمُ نَفْسٌ مَّآ أُخْفِيَ لَهُم مِّن قُرَّةِ أَعْيُنٍ جَزَآءَۢ بِمَا كَانُوا۟ يَعْمَلُونَ ﴾ السجدة: ١٧ कसैलाई थाहा छैन जुन् उनीहरुको निम्ति उनको आँखाको शितलता लुकाएर राखिएको छ यो उनीहरुको कर्महरुको पुरस्कार हो ।

स्वर्गमा बिभिन्न दर्जाहरु छन् र मोमिनहरु आफनो कर्म बमोजिम यी दर्जाहरु पाउनेछन्, अल्ला तआलाले भन्नु भयो : ﴿ يَرْفَعِ ٱللَّهُ ٱلَّذِينَ ءَامَنُوا۟ مِنكُمْ وَٱلَّذِينَ أُوتُوا۟ ٱلْعِلْمَ دَرَجَٰتٍ ﴾ المجادلة: ١١ तिमीहरु मध्ये जस्ले ईमान ल्याएका छन् र जस्लाई ज्ञान प्रदान गरिएको छ, अल्लाहले उनीहरुको दर्जा उच्च गर्ने छ ।

स्वर्गमा जे जे खाने मन् पराउँछ त्यो सबै खान पाइन्छ, त्यस्मा यस्तो नहर हुनेछ जस्को पानी प्रदुषित भएको छैन, र दुधको यस्तो नहर हुन्छ  जस्को स्वादमा अलिकति पनि अन्तर परेको छैन, शुद्ध मधुको नहर हुन्छ, र मदिराको यस्तो नहर हुन्छ जस्ले पिउनेहरुलाई अतियन्त आनन्द प्रदान हुन्छ, र त्यो संसारको मदिरा जस्तो हुँदैन, अल्लाह तआलाले भन्नु भयो ﴿ يُطَافُ عَلَيْهِم

﴿ بِكَأْسٍ مِّن مَّعِينٍ ۝٤٥ بَيْضَاءَ لَذَّةٍ لِّلشَّارِبِينَ ۝٤٦ لَا فِيهَا غَوْلٌ وَلَا هُمْ عَنْهَا يُنزَفُونَ ﴾

[الصافات: ٤٥ – ٤٧] उनीहरुको माभ्रमा विशुद्ध पेयको पात्र घुमाइनेछ , जुन कि सफा र पिउनेहरुको लागि सर्वथा सुस्वादको हुनेछ, न त्यसबाट टाउको दुख्नेछ र न त्यसबाट मानिस नशामा बहकनेछन् ।

त्यस्मा ठुल ठुला आँखा भएकि हुर (परी) सँग विवाह हुनेछ, रसुल ﷺ ले भन्नु भयो «यदि स्वर्गमा भएकि नारी धरति तिर भ्राँकछि भने धरति र आकाशको बीचमा उज्यालो भइहालछ र सुगन्ध फैलिहाल्छ» (अलबोखारी – २७९६)

स्वर्गवासीहरुका लागि सबभन्दा ठुलो उपहार यो हो कि उनीहरुले अल्लाहलाई साक्षात देख्न पाउनेछन् , स्वर्गवासीहरुले दिषा पेशाब गर्ने छैनन्, नत बलगम र थुक फेकने छन्, उनीहरको काँगियो सुन्को र पसीना कस्तुरी जस्तो सुगन्धित हुन्छ, उनीहरुका लागि यो सबै वर्दान संधैका लागि हुन्छन् जुन् कहिले समाप्त हुने छैन, रसुल ﷺ ले भन्नु भयो «जो स्वर्गमा जान्छ त्यो यस्तो खुशी र उपहार पाउनेछ जुन् कहिल्यै समाप्त हुने छैन, उनहिरुको लुगा कहिले पुरानो हुँदैन, र जवानीको कहिले अन्त हुँदैन» (मुस्लिम – २८३६) स्वर्गवासीहरु मध्ये सबभन्दा कम भाग्यशाली व्यक्ति जुन् अन्तमा नर्कबाट निसकेर स्वर्गमा जान्छ त्यस्को भाग चाहिं सम्पुर्ण संसार भन्दा दस गुणा अधिक राम्रो हुन्छ ।